रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी
प्रदेश नं. ५, नेपाल

प.सं. २०७६/७७
च.नं.

## Covid-19 सम्बन्धि सुरक्षण स्वास्थ्य सामाग्री खरिद सम्बन्धि ५ दिने लिखित प्रस्ताव आह्वानको सुचना

दोस्रो पटक प्रकाशन मिति : २०७७/०१/१८

विश्वब्यापी महामारीको रुपमा फैलिरहेको नोभल कोरोना भाइरस (COVID - 19) को संभावित संक्रमणको रोकथाम एवं नियन्त्रण गर्नको लागि अति आवश्यक COVID-19 सम्बन्धि सुरक्षण स्वास्थ्य सामाग्रीहरु तत्काल खरिद गरी प्रयोग नगर्दा सार्वजनिक हित तथा सामुदायिक स्वास्थ्यमा पर्न सक्ने संकटलाई ध्यानमा राखी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा व्यवस्था भएको बिशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धि व्यवस्था भए अनुसार तपसिलमा उल्लेखित स्वास्थ्य सामग्रीहरु खरिद गर्नु पर्ने भएकोले यो सुचना प्रकाशन भएको मितिले ५ (पाँच) दिन भित्र कार्यालय समयमा इच्छुक मान्यता प्राप्त स्वास्थ्य सामाग्री बिक्रि बितण गर्ने फर्म,कम्पनी,सप्लायर्सले इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. ०७५।०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी सामाग्रीको स्पेशिफिकेशन सहितको दर रेट सिलवन्दी प्रस्ताव प्रस्तावदाता स्वयं वा प्रतिनिधि यस नगरपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्न सार्वजनिक आह्वान गरिएको छ।

तपसिल

| सि.नं. | सामाग्रीको नाम | परिमाण | इकाई |
|---|---|---|---|
| १ | सर्जिकल मास्क ( Threeply , Large Size) | ३५०० | गोटा |
| २ | एन ९५ मास्क (N95 Respirator) | ३०० | गोटा |
| ३ | ह्याण्ड सेनिटाइजर ५०० मि.लि. ( 70 % Ethyl Alcohol ) | १५० | बोत्तल |
| ४ | एक्जामिनेसन ग्लोभ्स ( Medium Size 6.5 Inch, 1 Box = 100 Pcs) | १५ | बक्स |
| ५ | सर्जिकल ग्लोभ्स ( Medium Size 6.5 Inch ) | ७०० | जोर |
| ६ | स्प्रे मेसिन २ लि. | २० | बोत्तल |
| ७ | फोरहेड थर्मामिटर (इन्फ्रारेड थर्मामिटर) | १५ | गोटा |
| ८ | पि.पि.ई.(पर्सनल प्रोटेक्टिभ इक्युपमेण्ट) (Reusable Gown Autoclable-1,Mask Disposable Three Ply-1 N95 Mask-1,Goggles-1,Gloves-1 Pair,Shoe Cover-1) | ३० | सेट |
| ९ | भाइरेक्स पाउडर | ४० | के.जि |
| १० | हात धुने साबुन (डिटोल) ७५ ग्राम | २८८ | गोटा |
| ११ | रेक्टिफाईट स्पिरिट ४०० मि.लि. | ५० | बोत्तल |
| १२ | लिक्वीड ह्याण्ड वास २०० मि.लि. | ५० | बोत्तल |
| १३ | ह्याण्ड सेनिटाइजर १०० मि.लि. | २०० | बोत्तल |

रुद्र प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु :

१. यस सूचना तथा प्रस्तावमा उल्लेख भएका शर्तहरुको अधिनमा रही रामग्राम नगरपालिकाको वेभसाइड ramgrammun.gov.np मा राखिएको Bill Of Quntity (BOQ) प्रिण्ट गरी रितपूर्वक भरी मिति २०७७।१।२२ गते दिउसो ३:०० बजे भित्र दर्ता गराई सक्नुपर्नेछ । तोकिएको समय पछि प्राप्त भएको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन । यसरी दर्ता भएको प्रस्ताव दर्ता गर्ने अन्तिम दिन दिउसो ४:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

२. प्रस्ताव पेश गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो के भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

३. प्रस्तावमा मु.अ.कर बाहेकको दररेट अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा भिन्नता पाइएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको भए सही छाप गर्नुपर्नेछ , म्याद नाघी रित नपुगेको र शर्त राखिएको भएमा मान्यता दिइने छैन ।

४. नेपाल सरकारको हितलाई ध्यानमा राखी मूल्यको प्रस्ताव स्वीकृत गर्ने, अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै प्रस्तावमा उल्लेख भएका सामाग्रीहरुको परिमाण थपघट हुन सक्नेछ । यसरी थपघट भएता पनि प्रस्तावदाताले कबोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ । स्वीकृत बजेटको स्थिति अनुसार खरिद गरिनेछ ।

५. स्वीकृत प्रस्तावदाताले स्वास्थ्य सामग्रीका अङ्कित मूल्यभन्दा बढी दर राखि दिन पाइनेछैन । स्वीकृत प्रस्ताव अनुसारको सामान एकमुष्ठ वा आवश्यकता अनुसार पटक-पटक आदेश दिई खरिद गर्न सकिनेछ । साथै सप्लाइ गरिने स्वास्थ्य सामग्रीको Expiry Date यस कार्यालयको स्टोरमा बुझाउँदा कम्तिमा उत्पादन मितिबाट म्याद ९०% बाकी भएको हुनुपर्नेछ । साथै प्रस्ताव स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधी भित्र सामाग्रीहरु बुझाउन पर्नेछ र सामाग्रीको केही अंश अथवा सम्पूर्ण सामाग्री नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम कारबाही हुनेछ ।

६. स्विकृत प्रस्तावदाताले सम्झौता गर्ने समयमा स्वास्थ्य सामाग्रीको नमुना देखाउनु पर्नेछ ।

७. प्रस्तावदाताले BOQ मा स्वास्थ्य सामाग्रीहरु उत्पादन गर्ने दर्तावाला कम्पनीको नाम अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

८. प्रस्ताव सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरि बुझ्न सकिनेछ ।

९. यसमा उल्लेखमा नभएका कुराहरु प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१०. उल्लेखित सामाग्री रामग्राम नगरपालिका सम्म ढुवानी गर्ने जिम्मा सम्बन्धित आपूर्तिकर्ताको हुनेछ ।

| सि.नं | प्रस्ताव नं | कामको विवरण | इष्टिमेट अङ्क ( मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | १ | रामग्राम नगरपालिकामा उल्लेखित औषधी, सर्जिकल, स्वास्थ्य सामाग्रीहरु सप्लाई तथा ढुवानी गर्ने | रु. ८,५१,०३२।०० | |

नोट : मिति २०७७।०१।१२ गतेमा प्रकाशित सूचना बमोजिम पर्न आएका सबै प्रस्तावहरु यस कार्यालयको निर्णयानुसार रद्द गरी पुनः प्रकाशन गरीएको छ ।

रुद्र प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी
प्रदेश नं. ५, नेपाल

## Bill Of Quantity(BOQ)

रुद्र प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | सामाग्रीको नाम | परिमाण | इकाई | प्रति इकाई दर अंकमा (मु.अ.क बाहेक) | प्रति इकाई दर अक्षरमा (मु.अ.क बाहेक) | जम्मा | कम्पनीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सर्जिकल मास्क ( Threeply , Large Size) | ३५०० | गोटा | | | | | |
| २ | एन ९५ मास्क (N95 Respirator) | ३०० | गोटा | | | | | |
| ३ | ह्याण्ड सेनिटाइजर ५०० मि.लि. ( 70 % Ethyl Alcohol ) | १५० | बोत्तल | | | | | |
| ४ | एक्जामिनेसन ग्लोब्स ( Medium Size 6.5 Inch, 1 Box = 100 Pcs) | १५ | बक्स | | | | | |
| ५ | सर्जिकल ग्लोब्स ( Medium Size 6.5 Inch ) | ७०० | जोर | | | | | |
| ६ | स्प्रे मेसिन २ लि. | २० | बोत्तल | | | | | |
| ७ | फोरहेड थर्मामिटर (इन्फ्रारेड थर्मामिटर) | १५ | गोटा | | | | | |
| ८ | पि.पि.ई.(पर्सनल प्रोटेक्टिभ इक्युपमेण्ट) (Reusable Gown Autoclable-1,Mask Disposable Three Ply-1 N95 Mask-1,Goggles-1,Gloves-1 Pair,Shoe Cover-1) | ३० | सेट | | | | | |
| ९ | भाइरेक्स पाउडर | ४० | के.जि | | | | | |
| १० | हात धुने साबुन (डिटोल) ७५ ग्राम | २८८ | गोटा | | | | | |
| ११ | रेक्टीफाईट स्पिरिट ४०० मि.लि. | ५० | बोत्तल | | | | | |
| १२ | लिक्वीड ह्याण्ड वास २०० मि.लि. | ५० | बोत्तल | | | | | |
| १३ | ह्याण्ड सेनिटाइजर १०० मि.लि. | २०० | बोत्तल | | | | | |
| | कुल जम्मा | | | | | | | |

- प्रत्येक सामाग्रीको कम्पनीको नाम अनिवार्यरुपमा लेख्नुपर्ने छ। कम्पनीको नाम उल्लेख नगरेमा मूल्यांकनमा समावेश गरिने छैन, दररेट उल्लेख गर्दा भ्याट बाहेकको मात्र लेख्नुपर्ने छ।

फर्मको नाम तथा ठेगाना : दस्तखत : फर्मको छाप :